**Prithvi Darpan**
**Vol. 7, Issue 1, February 2025**
**Department of Nepali Education, Prithvi Narayan Campus, (TU)**
**Pokhara, Nepal**
**ISSN : 2594-3413**

# आर्यभाषाको विकास र नेपाली भाषाको उद्‌भव

**डा. बाबुराम अधिकारी**
**सहप्राध्यापक**
**नेपाली शिक्षा विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा**
Email: adhikaribaburam19@gmail.com

Received date : 7 December 2024, Reviewed date : 6 January 2025, Accepted date : 7 February 2025

**लेखसार**

भारोपेली भाषाका वक्ताहरू युराल पर्वतको दक्षिण पूर्वमा अवस्थित किर्गिजको मैदानबाट छुट्टिएर भारत इरानेली शाखाका रूपमा एउटा हाँगो पूर्वतिर लाग्यो । त्यो हाँगो पनि इरानेलीहरूबाट अलग्गिएर इ.पू. १५०० तिर आर्यहरू भारत प्रवेश गरे पश्चात् नै आर्यभाषाको जन्म भएको हो । आर्यहरूले आफ्ना ज्ञानलाई टिपोट गर्न अपनाएको वैदिक र लौकिक संस्कृत भाषा नै उत्तरोत्तर परिवर्तन हुँदै जनभाषाका रूपमा विस्तार हुँदा प्राकृत र अपभ्रंश भाषा जन्मेका हुन् । यिनै भाषाको एउटा भेद खस भाषा नै नेपाली भाषाको मूल आधार हो तापनि नेपाली भाषाको माउ भाषा चाहिँ प्राचीन आर्यभाषा अर्थात् संस्कृत भाषा नै हो । यसरी संस्कृतबाट प्राकृत र प्राकृतबाट कालान्तरमा बदलिँदै अपभ्रंश भाषाहरू निर्माण भए पश्चात् तिनै अपभ्रंश भाषाहरूबाट आधुनिक आर्यभाषाको एउटा हाँगो खस भाषाका रूपमा विस्तार भयो । त्यही खस भाषाकै एउटा भेद पूर्वी पहाडी भाषाका रूपमा नेपाली भाषाको उत्पत्ति भएको विषयलाई पुस्तकालयीय स्रोतबाट सङ्कलित सामग्रीको व्याख्यान विधिद्वारा अध्ययन गरी विस्तारमा चर्चा गर्ने काम प्रस्तुत अनुसन्धानात्मक लेखमा गरिएको छ ।

***शब्दकुञ्जी* :** अभिलेख, अपभ्रंश, आर्यावर्त, वैदिककाल, सम्मिश्रित

## विषय परिचय

विचार विनिमयका विभिन्न माध्यममध्ये सबैभन्दा प्रभावकारी माध्यम भाषा हो । भाषा मानिसका अनुभूति र विचारको सम्प्रेषणका निम्ति प्रयोग गरिने भरपर्दो साधनका रूपमा आउँछ । मानिसले समाजमा व्यवहार गर्दा टाउको हल्लाएर, नाक फुलाएर, आँखा नचाएर, ताली बजाएर, गोडा बजारेर, खोकेर, कनेर, हातले इसारा गरेर, मुख बिगारेर पनि विचारहरू प्रकट गर्दछन् । तापनि वाक्प्रतीकका रूपमा मुखद्वारा उच्चारित सार्थक ध्वनिलाई नै भाषा भनिन्छ। प्रत्येक मानिसको उच्चारण र श्रवण योग्यतामा भिन्नता हुने हुनाले सामान्यतः सुनेर बुझ्न सकिने वाक्प्रतीक अर्थात् शब्द र

Copyright 2025 © the Author (s) and the Publisher

वाक्यद्वारा विचार आदानप्रदान गरिने आधार भाषा हुन आउँछ । यही भाषाका कारणले नै मानिस सामाजिक प्राणीका रूपमा व्यवहार गर्न सक्षम भएको हो । तसर्थ भाषाको मुख्य काम विचार विनिमय गर्नु हो र मानिसले आफ्ना विचार भाव तथा इच्छाहरूलाई प्रकट गर्ने क्रममा भाषाको जन्म भएको हो । भाषा समाज प्रदत्त आर्जित सम्पत्ति हुनाले यसको विकास, आर्जन र प्रयोग समाजमा समाजबाटै हुने हुँदा सामाजिक संस्थाका रूपमा स्थापित प्रत्येक भाषाको आफ्नै संरचना, भौगोलिक तथा ऐतिहासिक सीमाहरू रहेका हुन्छन् । आर्यभाषा अर्थात् देवनागरी लिपिबद्ध भाषाको पनि आफ्नै किसिमको उत्पत्ति र विस्तारको इतिहास रहेको छ भने आर्यभाषाको सन्ततिका रूपमा रहेको नेपाली भाषाको उद्भव प्रक्रिया कस्तो छ अध्ययन गर्नु वाञ्छनीय हुन आउँछ ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत अध्ययन मूलतः गुणात्मक विधि र व्याख्यात्मक ढाँचामा आधारित छ । समस्यालाई स्पष्ट पार्ने सन्दर्भमा देवनागरी लिपिमा रहेको आर्यभाषाको विकास सन्दर्भ र नेपाली भाषाको उद्भव प्रक्रिया कस्तो रहेको छ भनी व्याख्या गरिएको छ । यस लेखको मुख्य स्रोतका रुपमा पुस्तकालयलाई नै आधार बनाइएको छ । भाषाको इतिहास र नेपाली भाषाको उत्पत्ति सम्बन्धी विषयमा लेखिएका प्रतिनिधिमूलक पुस्तकहरूबाट सामग्री सङ्कलन गरी त्यसैका आधारमा यो लेख तयार पारिएको छ । निगमनात्मक विधिलाई अवलम्बन गर्दै भाषिक अध्ययनको आधारभूत मान्यताको अवधारणालाई उपयोग गरिएको छ । व्याख्याका क्रममा प्राकृत भाषाका उदाहरणसमेत दिएर लेख तयार पारिएको छ । प्रस्तुत लेखमा सन्दर्भाङ्कन, सन्दर्भसूची, शीर्षकीकरण, अनुच्छेद विन्यास, व्यवस्थापन तथा सम्पादनका लागि एपिए सातौं संस्करणलाई अनुसरण गरिएको छ ।

## सैद्धान्तिक आधार

भाषा मानवले समग्रमा आफ्ना विचारहरू आदानप्रदान गर्नका लागि प्रयोग गरिने माध्यम हो । विचार विनिमयको आधारमा नै समाज चलिरहेको हुन्छ । भाषा आवश्यकता अनुसार जन्मने वा उत्पत्ति हुने र मर्ने वा लोप हुने क्रम भइरहन्छ ।

संस्कृतको भाष् धातुमा कृत् प्रत्यय 'अ' (अप) तथा स्त्री प्रत्यय 'आ' (टाप) को संयोजन भई भाषा शब्द बनेको हो । यसको अर्थ बोल्नु भन्ने हुन्छ (गौतम र चौलागाई, २०६७, पृ.७) । यही बोली अर्थात् भाषालाई नै लिपिको आविष्कार गरी लेख्य रुपमा दिएपछि मानवले यसलाई विभिन्न ढङ्गले प्रयोग गर्दै आएको छ । पूर्वीय भाषाशास्त्री व्याकरणविद् पणिनिले उच्चारणद्वारा व्यक्त वाणि नै भाषा हो भनेका छन् । (तिवारी, इ. १९८८, पृ. ८) । कतिपय भाषा बोलीमा मात्र सीमित छन् भने कतिपय भाषा लेख्य रुपमा समृद्ध बनेका छन् । साहित्य सिर्जना नभएसम्म भाषालाई बोली भन्ने चलन छ । साहित्य सिर्जना हुँदै विकास बढेपछि कुनै एक बोलीले भाषाको स्थान प्राप्त गर्दछ । (पन्त, २०३६, पृ. ५) । भाषाको प्रकृति एकरुपतामा आवद्ध नभएर अनेक रुपमा जाने हुँदा यसमा अनेक विकल्प हुने गर्दछन् । मानिसले आफूमा रहेको भाषिक सामर्थ्यका आधारमा भाषाका नयाँ नयाँ विकल्पहरू चयन गर्दछ (तिमिल्सिना, इ. २०२४, पृ. २८) ।

भाषाहरूको पारिवारिक वर्गीकरणलाई वंशगत वर्गीकरणका रूपमा हेरिएको पाइन्छ । एउटा खास भाषाबाट समयको अन्तरालमा विकसित भएका सबै भाषालाई एउटै परिवारका भाषा मानिन्छ । उत्पत्ति, विकास, सम्बन्ध र इतिहास जस्ता आधार अपनाएर भाषाको पारिवारिक वर्गीकरण गरिन्छ । संस्कृत, ल्याटिन, ग्रिक जस्ता प्रसिद्ध र प्राचीन भाषाहरूलाई एउटै मूलबाट विकसित भाषा मानिन्छ । यसको नामकरण पनि भारत र युरोपेली शब्दको मिश्रण गरी भारोपेली परिवार भनेर गरिएको पाइन्छ (ढकाल, २०६८ पृ. २७७) । भारोपेली परिवारका भाषाहरूको मूल थलो कहाँ थियो भन्ने विषयमा मतैक्यता पाइँदैन तापनि संस्कृत भाषाबाटै धेरै आधुनिक आर्यभाषाहरू विकसित भएका छन् भने ल्याटिन र ग्रीक भाषाबाट पनि थुप्रै भाषा आधुनिक कालमा विकसित भएका छन् ।

आर्येली भाषा परिवारका वक्ताहरूको मूल थलोका विषयमा वान्द्रेस्टाइनको विचार बढी विश्वसनीय छ । उनले आर्येली परिवारका कतिपय शब्दहरूको अर्थ तात्त्विक अध्ययनबाट आफ्नो विचार व्यक्त गरेका छन् । उनका अनुसार पहिले आर्येली भाषाका वक्ताहरू युराल पर्वतको दक्षिण पूर्वमा अवस्थित किर्गिजको मैदानमा बस्दथे । यो मैदान सुख्खा क्षेत्र थियो । जीविकोपार्जन हेतु भारत इरानेलीहरू यस ठाउँबाट अलग्गिएर हिँडेपछि यस क्षेत्रका बासिन्दा दुई भागमा विभाजन भए । बाँकी रहेका त्यहाँका मानिसहरू पनि अन्यत्रै गए । पहिले छुट्टिएका मानिसहरू पूर्वतिर हिँड्दै गर्दा इरान हुँदै भारतसम्म आइपुगेका हुनाले आर्येली भाषा अर्थात् भारोपेली भाषा परिवारको मूल थलो भनेको युराल पर्वतको दक्षिण पूर्वमा रहेको किर्गिज मैदान नै हो। यिनै पूर्वतर्फ लागेका मानिसहरूले बोल्ने भाषा नै भारोपेली अर्थात् आर्येली भाषा परिवारका रूपमा एसियाको ठुलो भूभागमा फैलिएर रहेको पाइन्छ ( तिवारी, १९८८ , पृ. ११९) । कालान्तरमा पछि यस मैदानलाई छोडेर हिँडेका मानिसहरू पश्चिमतिर लागेर कार्पेथियन पर्वतमालाको पूर्वी भागमा पुगेका हुनाले एकै ठाउँबाट फाटेर पूर्व र पश्चिमतर्फ लागेका मानिसहरूले बोल्ने भाषालाई तुलनात्मक अध्ययन गर्दा एउटै भाषा परिवारका भाषाका रूपमा फैलिएको देखिन्छ (तिवारी, १९८८ , पृ. २०) । आर्येली अर्थात् भारोपेली भाषा परिवारको जन्म इ.पू. २४०० देखि बढी इ.पू. २९०० हुनु पर्छ भन्ने रहेको छ (ढकाल, २०६८, पृ. २८२) । युराल पर्वतको दक्षिण पूर्वमा अवस्थित किर्गिजको मैदानबाट विभक्त भएका दुई समूहले बोल्ने भाषामा केही समयपछि भिन्नता आउनु स्वाभाविक थियो । भारोपेलीको तालव्य 'क' ध्वनि एक समूहको भाषामा यथावत् (क → क/ह) नै रह्यो भने अर्को समूहको भाषामा चाहिँ स वा ज (क →स/ज) मा परिवर्तित भयो । भाषाशास्त्रीहरूले 'क' ध्वनि यथावत् रहनेलाई केन्तुम वर्ग र 'स' तथा ज मा परिवर्तित हुनेलाई सतम् वर्ग भनी नामकरण गरेका छन् । सङ्ख्यावाचक शब्द सयलाई लिएर ध्वनि तात्त्विक आधारमा गरिएको भाषिक अध्ययनले भारोपेली परिवारका भाषालाई दुई वर्गमा विभक्त गरेको देखिन्छ :

| सतम् वर्ग | | केन्तुम् वर्ग | |
|---|---|---|---|
| भाषा | सय सङ्ख्या बोधक शब्द | भाषा | सय सङ्ख्या बोधक शब्द |
| संस्कृत | शतम् | ग्रिक | हेक्तोन |
| नेपाली | सय | ल्याटिन | केन्तुम् |
| हिन्दी | सौ | अङ्ग्रेजी | हन्ड्रेड |
| अवेस्था | सतम् | फ्रेन्च | केन्ट |
| लिथुवानिया | सिन्तम् | तोखारेली | कन्दे |
| वाल्टिक | जिम्तस् | जर्मनेली | हेन्ड |
| रसियन | स्तो | केल्टिक | केतो |
| चेकोस्लाभियाली | सुतो | | |

(गौतम, २०४९ : २२)

भारोपेली भाषा परिवार संसारमा बोलिने विभिन्न भाषा परिवारहरू मध्ये सबैभन्दा बढी विस्तार भएको भाषा परिवार हो । यस परिवारका दसवटा शाखाहरू रहेका छन् ।

केन्तुम् शाखाका केल्टेली, जर्मनेली, ल्याटिन, ग्रिसेली, तोखारेली गरी पाँच उपशाखाहरू रहेका छन् भने सतम् शाखा अन्तर्गत अल्बानियाली, स्लाभेली, वाल्टेली, आर्मेनियाली, आर्येली/आर्य-इरानेली गरी पाँचवटा उपशाखा रहेका छन् । सतम् शाखा अन्तर्गतको आर्येली वा आर्यइरानेली उपशाखा सम्बद्ध भाषाहरूमा मुख्य गरी पूर्वदेखि पश्चिमसम्मको इरान क्षेत्रमा प्रयोग हुने मोग्दियाली, अवेस्ता, मिडियाली, फारसी आदि इरानी उपशाखाका भाषाहरू बोलिन्छन् भने पामिर र पश्चिम उत्तर पन्जाब क्षेत्रतिर दरद, काफिर, खोवार आदि दरद उपशाखाका भाषाहरू बोलिन्छन् । आर्येली वा आर्य-इरानेली शाखाको भारतीय आर्यभाषा अन्तर्गत संस्कृत, पालिप्राकृत र अपभ्रंश भाषाहरू बोलिन्छन् । इ.पू. १५०० तिर भारतीय क्षेत्रमा आएका आर्यले बोल्ने यो भाषा संसारका सबै भाषाभन्दा समृद्ध र वैज्ञानिक भाषाका रूपमा रहेको छ (तिवारी, १९८८ , पृ. १३०) ।

भारत वर्ष (भारत, नेपाल, बंगलादेश, श्रीलङ्का, पाकिस्तान, भुटान आदि क्षेत्र) मा भारतीय आर्यहरू इरानी र दरद (द्रविण) हरूबाट बेग्लै भएर इ.पू. १५०० तिर आजभन्दा करिब ३५०० वर्ष अगाडि आएर बसोबास गर्न थालेका हुन् (तिवारी, १९८८ , पृ.१ ३४) । भारतमा आर्यहरू आउनुभन्दा पहिले द्रविणहरू, द्रविणहरूभन्दा पहिले किराँतहरू र किराँतहरूभन्दा पहिले आष्ट्रिकहरू र सबैभन्दा पहिले नेग्रिटोहरू बस्दथे भन्ने भाषाशास्त्री तथा नृतत्वशास्त्रीहरूको मान्यता पाइन्छ (गौतम, २०४९, पृ. २९)। आर्यहरू भारत वर्षमा दुई पटक आएका थिए। पहिले आएका आर्यहरू मध्यदेशमा बसेका थिए तर पछि आएका आर्यहरूले पहिले आएका आर्यहरूलाई त्यस ठाउँबाट लखेटिदिए । उनीहरू त्यस ठाउँबाट विस्थापित भएपछि पूर्व, पश्चिम, उत्तर, दक्षिण चारै दिशातिर छरिए । यसलाई आर्यहरू आगमनको पश्चर सिद्धान्त (Wedge theory) भनिन्छ । यस अनुसार पहिले आएका आर्यहरू भौगोलिक दृष्टिले बाहिरी र पछि आएका आर्यहरू भित्री हुन गए । भाषाशास्त्री हार्नलेको विचारमा यिनै पछि आएका आर्यहरू अर्थात् मध्य देशमा आएर बसेका आर्यहरूले नै वैदिक संस्कृतिको विकास गरेका हुन् (तिवारी, १९८८ , पृ. १३४) । आर्यहरू सप्तसिन्धु पार गरेर पहिले हालको पन्जाव क्षेत्रमा बसे र त्यसपछि बंगाल, कोशल, अवन्ती आदि ठाउँमा छरिए । आर्यहरूको यो आगमन एवम् विस्तार हुनु

सङ्घर्षपूर्ण थियो । विस्तार हुने क्रममा उनीहरूले त्यहाँका रैथाने दास, दस्यु, शुद्र प्रजातिका मानिसहरूसँग लडाइ गर्नु पर्यो । पूर्वमा आर्यहरूले निषाद्, किराँत आदि प्रजातिका मानिसहरूसँग पनि लडाइ गर्नु पर्यो । जो जोसँग आर्यहरूको लडाइ भयो विजय हासिल गरे । विजय पछि आर्यहरू भारत वर्षभरि नै फैलँदै गए र उत्तर भारत पूर्णतः आर्यहरूकै हुन गयो (तिवारी, १९८८ , पृ. १३५) । यिनै आर्यहरूले प्रयोग गर्ने भाषाको विकासका चरणहरूको अवस्था र नेपाली भाषाको उत्पत्तिको स्थितिलाई यस लेखमा विचार विमर्श गरी निष्कर्ष दिने काम गरिएको छ ।

## नतिजा र विमर्श

उत्तर भारतमा आएर बसोबास गरेका आर्यहरूले प्रयोग/उपयोग गरेको भाषा संस्कृत हुनाले यसलाई आर्यभाषा भनिएको हो । उनीहरूले भारतमा विजय प्राप्त गरेर जरो गाडेपछि स्थिर रूपमा रहन थाले र संस्कृत अर्थात् आर्यभाषामा नै वेदको टिपोट गर्न प्रारम्भ गरे । यस क्रममा आर्यभाषा पनि क्रमिक रूपमा विकसित हुँदै त आयो तर पनि आर्यभाषाको प्रारम्भ भएको कुनै निश्चित समय किटान गर्न सकिएको छैन । मोटामोटी रूपमा भाषा शास्त्रीहरूले खोज अनुसन्धान गरेर आर्यभाषाको प्रारम्भ इ.पू. १५०० तिर भएको उल्लेख गरेका छन् (तिवारी, १९८८ , पृ. १३५) । आजसम्म आइपुग्दा आर्यभाषाको आयु लगभग ३५०० वर्ष भइसकेको छ । आर्यभाषाको यो लामो समयमा देखिएका भाषिक स्वरूप र विशेषताको आधारमा आर्य (संस्कृत) भाषालाई तिन काल खण्डमा बाडेर अध्ययन गरिएको छ र तिनवटै कालका आर्यभाषालाई प्राचीन आर्यभाषा, मध्य युगीन आर्यभाषा र आधुनिक आर्यभाषा गरी सम्बोधन गरिएको छ ।

### प्राचीन आर्यभाषा विकासको सन्दर्भ

आर्य-इरानेली शाखा भारोपेली परिवारको सबैभन्दा महत्त्वपूर्ण शाखा मध्ये पर्दछ । जब आर्यहरू भारतमा आएर बसोबास गर्न थाले तब उनीहरूले आफ्ना विचारलाई लिपिबद्ध गरी अगाडि बढाउन थालेको पाइन्छ । इ.पू. १५०० शताब्दीदेखि इ.पू. ५०० शताब्दीसम्मको समय प्राचीन आर्यभाषाको पहिलो चरण हो । प्राचीन आर्यभाषालाई वैदिक (वेदको भाषा) र लौकिक संस्कृत (पुराण धर्मशास्त्र र संस्कृत साहित्यको भाषा) भनिन्छ । वैदिक संस्कृतको समय इ.पू. १५०० देखि इ.पू. ८०० सम्म र लौकिक संस्कृतको समय इ.पू. ८०० देखि इ.पू. ५०० शताब्दीसम्म मानिन्छ। वैदिक संस्कृतको सर्वप्राचीन रूप ऋग्वेद हो भने सामवेद, यर्जुवेद र अथर्ववेदमा पनि वैदिक संस्कृतको नै प्रयोग भएको पाइन्छ। वेदपछि रचना भएका वैदिक संहिता तथा ब्राह्मण ग्रन्थ र उपनिषद्हरू पनि वैदिक संस्कृतमा नै लेखिएका छन् (बन्धु, २०४३, पृ. ११७) । आर्यभाषाको प्राचीन रूप मूलतः वैदिक संहितामा नै प्राप्त हुन्छ । वैदिक संस्कृतमा रूपाधिक्य हुनु, नियमितताको अपेक्षाकृत कमी हुनु र जरथुस्तहरूको धर्मग्रन्थ अवेस्ताको भाषासँग धेरै मात्रामा मिल्नु वैदिक संस्कृत भाषाको विशेषता हो। वैदिक संस्कृत भाषालाई प्राचीन संस्कृत, छन्दस् आदि नामबाट पनि पुकारिन्छ (तिवारी, १९८८ , पृ. १३६) । वैदिक संहितामा प्रयुक्त भाषा तत्कालीन बोलचालको भाषाभन्दा केही भिन्न रूपमा रहेको पाइन्छ जुन काव्य भाषाका रूपमा देखिन्छ। इ.पू. १२०० देखि इ.पू. ९०० सम्म आर्यहरू सप्तसिन्धु आधुनिक पन्जावमा नै थिए तर पूर्वमा भने धेरै अगाडि पुगिसकेका थिए । यतिबेलाको भाषामा जटिलता एवम् रूपाधिक्यमा कमी हुँदै गएको हुनाले यसको गद्य भागको भाषा तत्कालीन बोलचालको भाषाको धेरै नजिक रहेको देखिन्छ।

यति बेलासम्ममा आर्यहरूको केन्द्र मध्य देश भइसकेको थियो । यसरी वैदिक संस्कृत भाषामा पनि उत्तरोत्तर परिवर्तन भएको सङ्केत पाइन्छ र वेदग्रन्थहरूको भाषाभन्दा ब्राह्मण ग्रन्थको भाषा, ब्राह्मण ग्रन्थहरूको भाषामा भन्दा उपनिषद्हरूको भाषामा क्रमशः परिष्कार भएको थाह हुन्छ (बन्धु, २०४३, पृ. ११८) ।

प्राचीन आर्यभाषाको लौकिक संस्कृत रूप इ.पू. ८०० शताब्दीदेखि इ.पू. ५०० शताब्दीसम्मको अवधिमा निकै विस्तार र विकास भएको पाइन्छ। लौकिक संस्कृत भाषासम्म आइपुग्नु भन्दा अगाडि वैदिक संस्कृतका प्राच्य (पूर्वी) उदीच्य (उत्तरी) र मध्यदेशीय गरी तिन भाषिकाहरू रहेको समेत चर्चा गरिएको छ । जे होस् लौकिक संस्कृत भाषा वैदिक संस्कृत भाषाबाट नै विकसित भएको हो र लौकिक संस्कृतमा इ.पू. आठौं शताब्दीदेखि नै साहित्य रचना हुन प्रारम्भ भएको हो (ढकाल, २०६८, पृ. २८३) । लौकिक संस्कृत भाषामा अठार पुराणहरू, स्मृति, धर्मशास्त्रहरूको रचना भएको छ (गौतम, २०३६ , पृ. ३०) । रामायण, महाभारत जस्ता ग्रन्थ एवम् लौकिक संस्कृतमा नै रचिएका छन् भने कालिदास, भवभूति, माघ, वाणभट्ट आदि प्रसिद्ध साहित्यकारहरूले लौकिक संस्कृत भाषामा नै साहित्यको रचना गरेका छन् (ढकाल, २०६८, पृ. २८४) । सातौँ शताब्दीपछि आर्यभाषाको अझ विकसित रूप सूत्रमा प्राप्त हुन्छ । यहाँसम्म आइपुग्दा संस्कृत भाषा पाणिनीय संस्कृतको नजिक देखिन्छ । इ.पू. पाँचौं शताब्दीमा पाणिनीले आफ्नो व्याकरणमा संस्कृतको उदीच्य (उत्तरी भेग) क्षेत्रमा प्रयोग भएको नियम सङ्गत रूप प्रयोग गरेर सबै विद्वान्हरूलाई मान्य हुने नियमबद्ध भाषिक सूत्र प्रतिपादन गरे। जुन सदा सर्वदाका लागि लौकिक अर्थात् शास्त्रीय संस्कृतको सर्वमान्य आदर्श बन्न गयो । पाणिनिको प्रस्तुत व्याकरण र पतञ्जलि, कात्यायनका व्याकरणात्मक कृति पनि लौकिक संस्कृतमा नै लेखिएका छन् । पाणिनिको व्याकरण रचना पछि नै बोलचालको भाषा पालि, प्राकृत, अपभ्रंश हुँदै आधुनिक भाषाहरूका रूपमा विकास हुँदै आजसम्म आइ पुगेको छ । संस्कृत भाषामा साहित्य रचनाको क्रम पनि यिनै भाषासँगसँगै अगाडि बढेको देखिन्छ । जुन मुख्य रूपमा पाणिनीय संस्कृत हुँदा हुँदै पनि प्रत्येक समयको बोलचालको भाषा नभएर पनि साहित्यिक संस्कृतमा विकास हुँदै आएको छ । द्रुत गतिमा विकास भएको लौकिक संस्कृत भाषामा नै पर्याप्त मात्रामा साहित्यिक कृतिहरू रचिएका छन् । भाषा शास्त्रीहरूको भनाइ अनुसार पाणिनीय व्याकरण लेखन पश्चात् नै रामायण, महाभारत जस्ता ग्रन्थ लौकिक संस्कृतमा लेखिएका हुन् । कालिदास भवभूति, माघ, वाणभट्ट आदि साहित्यकारहरूले यही लौकिक संस्कृत भाषामा साहित्य रचना गरेका छन् (तिवारी, १९८८ , पृ. १३६)। यसरी लौकिक संस्कृतमा पाणिनि जस्ता वैयाकरणले व्याकरण लेखेपछि संस्कृत भाषाको गद्य पद्य र अन्य विषयका ग्रन्थहरू लेखिदै गए। अहिलेसम्म पनि धार्मिक तथा सांस्कृतिक कार्यमा संस्कृत भाषालाई प्रयोग गरिँदै आएको देखिन्छ भने विभिन्न विश्व विद्यालय एवम् धार्मिक स्थलहरूमा यसको अध्ययन अध्यापन पनि हुँदै आएको छ ।

## मध्ययुगीन आर्यभाषा विकासको सन्दर्भ

आर्यभाषाको विस्तारका क्रममा प्राचीन आर्यभाषाको उत्तरार्द्ध अर्थात् लौकिक संस्कृत भाषाको समयमा नै जनभाषामा प्रयुक्त रूप साहित्यमा प्रयोग भएको देखिन्छ। इ.पू. पाँचौं शताब्दीतिर पाणिनिले लौकिक संस्कृतलाई आफ्नो वैयाकरणमा प्रयोग गरेर सदा सर्वदाका लागि स्थायी रूप दिए तापनि

जनभाषाले यस बन्धनलाई स्वीकार गरेन। लौकिक संस्कृत भाषा बन्धनको सीमा तोडेर परिवर्तित हुँदै अगाडि बढ्दै गयो। त्यस बेलाको जनभाषामा निरन्तर विकास हुँदै गयो। जनभाषाको मध्ययुगीन रूपलाई मध्यकालीन आर्यभाषाको संज्ञा दिइएको छ । इ.पू. ५०० तिरका गौतम बुद्धले आफ्नो उपदेश जनभाषामा नै दिए र इ.पू. तेस्रो शताब्दीका भारतका राजा अशोकले आफ्ना अभिलेखहरू जनभाषामा नै स्थापित गरे (बन्धु, २०४३ , पृ. ११८) । मध्ययुगीन आर्यभाषा इ.पू. ५०० शताब्दीदेखि इशाको १००० सम्म अर्थात् १५०० वर्षसम्म प्रचलनमा रहेको पाइन्छ । केही मध्य युगीन आर्यभाषा इ.पू. ६०० देखि इशाको १२०० सम्म रहेको उल्लेख गरेका छन् । तापनि मध्ययुगीन आर्यभाषाको वर्चश्व इ.पू. ५०० देखि इशाको १००० सम्म नै रहेको कुरा सबैले स्वीकार गरेका छन् (तिवारी, १९८८ , पृ. १४९) । इ.पू. पाँचौं शताब्दीदेखिका पालि, अशोकका अभिलेखको भाषा, अन्य केही अभिलेख र लौकिक संस्कृतका नाटकमा विभिन्न पात्रहरूले प्रयोग गरेको प्राकृत भाषा तथा धार्मिक र साहित्यिक कृतिहरूमा प्रयोग भएको प्राकृत एवम् अपभ्रंश भाषालाई नै मध्यकालीन आर्यभाषा भनिएको छ। केही व्यक्तिहरूले मध्यकालीन आर्यभाषालाई 'प्राकृत' भाषा पनि भनेका छन् (तिवारी, १९८८ , पृ. १४९) । प्राकृत शब्दका सम्बन्धमा विभिन्न ढङ्गले व्याख्या गरिएको छ । केही विद्वान्हरू प्राकृत अर्थात् संस्कृतबाट आएको अथवा भएको मान्दछन् । 'प्राक् कृत्' अर्थात् पहिले देखि नै बनेको वा पहिले नै निर्माण भएको अथवा संस्कृतभन्दा पनि अघि भएकाले प्राकृत भनिएको हो । अर्को शब्दमा प्राकृत नैसर्गिक प्रकृति या अकृत्रिम भाषा हो संस्कृत, परिमार्जित संस्कार गरिएको भाषा हो । नमिसाधुले काव्यालङ्कारको टीकामा लेखेका छन् प्राकृतको अर्थ व्याकरणका नियमहरूद्वारा संस्कार नगरिएको र सामान्य जनतामा प्रचलित सहज वचन व्यवहार हो ( तिवारी, १९८८ , पृ. ४९) । यसरी प्राकृत शब्दको अर्थ सामान्य जनताले बोल्ने जनभाषाका रूपमा लगाइएको छ। त्यसैले वैदिक संस्कृत कालमा लेख्य रूप भन्दा बेग्ले भाषाको कथ्य रूप पनि थियो र त्यो जनभाषाका रूपमा सीमित थियो। त्यही जनभाषा मध्यकालीन समयमा प्राकृत भाषाका रूपमा स्थापित भयो । तसर्थ केही व्यक्तिहरूले प्राकृत भाषाको विकास वैदिक कालको जनभाषाबाटै भएको मानेका छन् ।

मध्यकालीन आर्यभाषा अर्थात् प्राकृत भाषालाई तिन चरणमा चर्चा गर्न सकिन्छ :

क) प्रथम प्राकृत (पालिकाल) इ.पू. ५०० देखि इ.पू. १ सम्म
ख) द्वितीय प्राकृत (साहित्यिक प्राकृत) इशाको सुरुवातदेखि इशाको ५०० सम्म)
ग) तृतीय प्राकृत (अपभ्रंश) इशाको ५०० देखि इशा १००० सम्म

**प्रथम प्राकृत**

प्रथम प्राकृत भाषा इ.पू. ५०० शताब्दीतिर बोलचालका रूपमा रहेको पाइन्छ। इशा पूर्व १ सम्मको समयावधिमा बढी प्रयोग भएको प्रथम प्राकृत अन्तर्गत पालि र अभिलेखी प्राकृत पर्दछन् । प्राचीन प्राकृत र पालि भाषा अशोकको शिलालेखमा प्रयोग भएको छ । यसको प्रयोग शासन सत्ता सञ्चालन र धर्म सम्बन्धी स्तम्भ एवम् शिलाखण्ड अभिलेखमा पाइन्छ । भगवान् बुद्धले पालि भाषामा नै उपदेश दिएका थिए । पालि शब्दको सम्बन्ध परियाम अर्थात् संस्कृतको पर्यायसँग जोडिएको छ । धम्म परियामको प्रयोग प्राचीन बौद्ध साहित्यमा बुद्धका उपदेशका लागि प्रयोग भएको पाइन्छ (तिवारी, १९८८ , पृ. १५१) । बौद्ध साहित्य पालि भाषामा नै लेखिएको छ । पालि भाषामा बुद्ध धर्मका जातक,

धम्मपद, त्रिपिटक, अट्ठकथा, महावंश, दीपवंश, मिलिन्दपन्हो आदि ग्रन्थहरूमा यसको प्रयोग भएको पाइन्छ (गौतम, २०४९, पृ. ३१) । पालि साहित्यको रचना काल इ.पू. ४८३ देखि आधुनिक कालसम्म लगभग २५०० वर्ष नै कायम भएको छ। पालि भाषाको प्रभाव भारतीय भाषाका अतिरिक्त श्रीलङ्का, वर्मा, तिब्बत, चीन र जापान आदि देशका भाषामा पनि परेको छ (तिवारी, १९८८ , पृ. १५२) ।

अभिलेखी प्राकृत विभिन्न अभिलेख तथा पुरातात्विक महत्त्वका शिलापत्र, ताम्रपत्रहरूमा अङ्कित पाइन्छ । अशोकका शिला लेख र ताम्रपत्र लेख लेखिएका अभिलेखी प्राकृत भारतको देहरादुन, मैसुर, जयपुर, जुनागढ, गया, दिल्ली, इलाहावाद, सारनाथ, प्रयाग आदि ठाउँमा पाइएका छन् । नेपालको तौलिहवामा पनि अशोकको अभिलेख पाइएको छ । यसै गरी अन्य कतिपय ऐतिहासिक व्यक्तिहरूद्वारा स्थापना गरिएका ग्वालियरको बेसनगर स्तम्भ अभिलेख, बिहारको सौहगौरा ताम्रपत्र, दिल्लीको टोपरा स्तम्भको अभिलेख, उडिसाको जौगढ शिलालेख आदिले अभिलेखी प्राकृतको स्वरूपलाई देखाएका छन् । संस्कृतका मैत्री, अग्नि, ओष्ठ्य, कार्य जस्ता शब्द प्राकृत पालिमा मेत्ती, अग्गि गोठु, कथ्य लेखिएको पाइन्छ (तिवारी, १९८८ , पृ. १५३) । खरोष्ठी लिपिमा अङ्कित धम्मपदीय प्राकृत निय प्राकृतलाई प्रथम र द्वितीय प्राकृतको सान्धिस्थलमा राखेको पाइन्छ । चिनको निय प्रदेशमा भाषिक नमुनालाई निय प्राकृत भनिन्छ । निय प्राकृत शान साम्राज्यको राज भाषा थियो । निय प्राकृतमा इरानेली, तोखारेली, भोट वर्मेली भाषाको प्रभाव रहेको कुरा भाषा शास्त्रीहरूले आफ्नो अध्ययनमा उल्लेख गरेका छन् ( गौतम, २०४९, पृ. ३१) ।

## द्वितीय प्राकृत

मध्ययुगीन आर्यभाषाको दोस्रो चरण साहित्यिक र धार्मिक ग्रन्थमा प्रयोग गरिएका विभिन्न प्राकृत भाषाको चरण हो । द्वितीय प्राकृत भनिएको साहित्यिक प्राकृत कथ्य प्राकृतकै स्तरीकृत वा मानक रूप हो । वास्तवमा साहित्यिक प्राकृत अर्थात् द्वितीय प्राकृत नै खास गरी प्राकृत भाषा मान्नु पर्ने तर्क भाषा शास्त्रीहरूको रहेको छ ।

इसामसीहरूको जन्मकालदेखि इशाको पाँचौं शताब्दीसम्म नै प्रयोगमा आएको द्वितीय प्राकृत कालमा थुप्रै प्राकृत भाषाहरूको प्रयोग पाइन्छ (बन्धु, २०४३, पृ. ११८) । ती मध्ये मुख्य रूपमा शौरसेनी प्राकृत, पैशाची प्राकृत, महाराष्ट्री प्राकृत, अर्धमागधी प्राकृत, मागधी प्राकृतका भाषिक नमुनाहरू प्राप्त छन् (गौतम, २०४९, पृ. ३३) । उल्लेखित प्राकृत भाषाहरूको व्याकरण लेखिनुका साथै साहित्य सिर्जना समेत भएकाले मध्य युगीन आर्यभाषाको दोस्रो चरणको प्राकृत भाषाको विशेष किसिमको महत्त्व रहेको छ ।

शौरसेनी प्राकृत भाषा भारतको मथुरामा सुरसेनको छेउछाउमा र मध्यप्रदेशमा बोलिन्थ्यो । मध्य प्रदेश संस्कृतको पनि केन्द्र भएकाले शौरेनी प्राकृतमा संस्कृत भाषाको निकै प्रभाव पाइन्छ । शौरसेनीको विकास ती ठाउँहरूको पालिकालीन स्थानीय बोलिबाट भएको देखिन्छ । तत्कालीन समयमा भाषामा लेखिएका अश्वघोष आदिका नाटकहरूको गद्य भाषा शौरसेनी नै हो । यसै गरी कश्मिरको उत्तर पश्चिममा पिशाचहरूको बसोबास भएको त्यहाँका पिशाचहरूले बोल्ने भाषालाई पैशाची प्राकृत भनिएको छ । यसलाई ग्राम्य भाषा, भूत भाषा पनि भन्ने गरेको पाइन्छ । यो पैशाची प्राकृतलाई

शौरसेनी र संस्कृतको विकृत भाषाका रूपमा हेरिएको छ । आधुनिक भाषा शास्त्री ग्रियर्सनले दरद भाषाबाट प्रभावित भाषा मानेका छन् भने हार्नले द्रविणहरूद्वारा प्रयोग गरिने प्राकृत मानेको पाइन्छ ( तिवारी, १९८८, पृ.१६३) । पैशाची प्राकृतमा गगन→गकन, मेघ→मेखो, दामोदर→टामोतर, राजा→राचा, रुद्र→लुद्द, कुमार→कुमाल, फल→फर, नगर→नकट उच्चारण गरिएको देखिन्छ । प्राकृत व्याकरणमा पनि पैशाची भाषाका केही भाषिक तथ्यहरू उपलब्ध छन् (गौतम, २०४९, पृ. ३२)। मध्य युगीन प्राकृतका दोस्रो चरणमा प्रयोग भएको महाराष्ट्री प्राकृत भाषा महाराष्ट्र र यसको वरिपरि बोलिने भाषा हो। यस भाषामा साहित्यिक काव्यकृतिका साथै जैनहरूका केही धार्मिक ग्रन्थहरू र केही बौद्ध ग्रन्थहरू लेखिएको देखिन्छ । महाराष्ट्री प्राकृत अन्य प्राकृत भाषाको तुलनामा मानक भाषा बनेको कुरा वरुचीले प्राकृत व्याकरणमा उल्लेख गरेका छन् । यस भाषामा प्राकृत पाउअ, गच्छति गच्छइ, क्रोध कोही, कथयति कहेइ, मुख मुह, पाषाण पहाण, जस्ता भाषिक स्वरूप रहेका छन् । तिवारी, १९८८ , पृ. १६५) ।

मध्यकालीनमा आर्यभाषाको दोस्रो चरणका अर्धमगधी प्राकृत र मागधी प्राकृत भाषा मगध क्षेत्र र प्राचीन कोशलको छेउछाउमा बोलिन्थ्यो। मागधी प्राकृत भाषाका शब्दहरू बढी पाइने हुनाले अर्धमागधी भनिएको यस भाषामा जैनहरूको साहित्यको रचना गरिएको छ । यसमा महाराष्ट्री र शौरसेनीको प्राकृतको पनि प्रभाव परेको छ। खास गरी मगध र महाराष्ट्रमा बोलिने मागधी प्राकृत चाहि शौरसेनीबाटै विकसित भएको भाषा मानिन्छ। श्रीलङ्कामा पालीलाई नै मागधी प्राकृत भनिन्छ । संस्कृत नाटकमा तल्लो स्तरका पात्रलाई यस भाषाको प्रयोग गराइएको छ । यस भाषामा सप्त → शत्त, राजा → लाजा, अर्धवती → अस्तवती, जानाति → यणादि, जायते → यार्येदे लेखिएको पाइन्छ (तिवारी, १९८८ , पृ. १६६) ।

## तृतीय प्राकृत

मध्ययुगीन आर्यभाषाको तृतीय चरण इशाको पाँचौ शताब्दीदेखि सामान्यतः दशौं शताब्दीसम्म देखिन्छ । यसलाई अपभ्रंश काल पनि भनिन्छ । प्राकृतबाटै विभिन्न अपभ्रंश भाषाको जन्म भएको मानिन्छ । भाषिक परिवर्तनको निरन्तर प्रावहका क्रममा अपभ्रंश भाषा त जन्म्यो तर त्यो विकास कथ्य स्तरमा मात्र सीमित रह्यो। भाषाको बिग्रेको रूपका अर्थमा अपभ्रंशलाई लिइएकाले यसले स्तरीयता प्राप्त गर्न सकेन तापनि गियर्सनले भने जस्तै प्रत्येक आधुनिक आर्यभाषाको स्वरूप बन्नमा अपभ्रंश भाषाको नै मुख्य भूमिका रहेको छ (तिवारी, १९८८, पृ. १७२) ।

भाषाशास्त्रीहरूले अपभ्रंश भाषाका मुख्य गरी तिन भेददेखि २७ भेदसम्म भएको उल्लेख गरेका छन्

प्राचीन आर्यभाषा अर्थात् वैदिक एवम् लौकिक संस्कृतबाट अपभ्रंश भएका शब्दहरूको नमुना हेर्दाः कर्म → कम्म, कार्य → कज्ज, अग्नि → अग्गि, अश्रु → अस्सु, हस्त → हत्थ जस्ता स्वरूप पाइन्छ ।

यसरी मध्ययुगीन आर्यभाषाको दोस्रो चरणका शौरसेनी, पैशाची महाराष्ट्री, अर्धमागधी, मागधी आदि प्राकृत भाषाबाट अपभ्रंश भाषाको विकास भएकाले आधुनिक आर्यभाषाका रूपमा स्थापित हाल बोलचालमा रहेका हिन्दी बंगली नेपाली गठवाली, कमाउनी पन्जाबी, उडिया, आसामेली, सिन्धी,

लहन्दा, गुजराती, खस, राजस्थानी, मैथिली, भोजपुरी, अवधि आदि भाषाहरू पनि कुनै न कुनै प्राकृतका अपभ्रंश भाषाबाटै विकसित भएका छन् । तसर्थ कुन प्राकृतको कुन अपभ्रंशबाट कुन-कुन आधुनिक भाषाहरू विकसित भए भन्ने विषयमा प्राकृत अपभ्रंश र सम्बन्धित भाषाको अध्ययनबाट मात्र थाहा पाउन सकिन्छ ।

## आधुनिक आर्यभाषाको विकास सन्दर्भ

अपभ्रंशबाट विकसित भएका भाषालाई आधुनिक आर्यभाषा भनिएको छ । आधुनिक आर्यभाषा कालको प्रारम्भ सामान्यतः इशाको १००० देखि मानिन्छ र त्यो समयदेखि अहिलेसम्मको एक हजार वर्ष जतिको समयलाई आधुनिक आर्यभाषा काल भनिनछ। अपभ्रंशबाट विकसित आधुनिक आर्यभाषाहरूमा नेपाली, हिन्दी, मैथिली, भोजपुरी, पञ्जावी, मराठी, बंगाली, गठवाली, कुमाउनी, असामेली, सिन्धी गुजराती आदि पर्दछन्। यी प्रत्येक भाषाहरूको इतिहासलाई प्राचीन काल, मध्यकाल र आधुनिक काल गरी तिन कालखण्डमा राखेर अध्ययन गरिएको पाइन्छ । आधुनिक आर्यभाषा कालभित्र विकसित भएको नेपाली भाषालाई पनि प्राचीन नेपाली मध्यकालीन नेपाली र आधुनिक नेपाली गरी विभिन्न कालगत भेदमा राखेर हेर्न सकिन्छ ।

## नेपाली भाषाको उद्भव प्रक्रिया

मध्ययुगीन आर्यभाषामा विभिन्न किसिमका भाषिक भेद उपभेदहरूको जन्म भएको पाइन्छ । शौरसेनी, पैशाची, महाराष्ट्री, मागधी, अर्धमागधी र खस आदि प्राकृत भाषाहरूबाटै अपभ्रंश भाषाहरूको जन्म भएको हो। यस्ता अपभ्रंश भाषाहरूमा प्राच्य, मगध, अर्थ मगध, महाराष्ट्री, शौरसेनी, नागर, कैकेय, टक्क ब्राचड र खस भाषा नै पर्दछन् । यिनै अपभ्रंश भाषाबाट नै आधुनिक आर्यभाषाहरू प्राच्यबाट बङ्गाली र उडिया, मगधबाट विहारी (मैथिली, भोजपुरी, अर्धमागधीबाट पूर्वी हिन्दी (अवधी र बगोली), महाराष्ट्री बाट मराठी र कोइङ्कणी, शौरसेनीबाट पश्चिमी हिन्दी (खडीबोली, कनौजी, बन्देली), नागरबार राजस्थानी र गुजराती, पैशाचीका कैकेयबाट लहन्दी, टक्कबाट पञ्जाबी प्राचडबाट सिन्धी र खस प्राकृत एवम् खस अपभ्रंशबाट पश्चिमी पहाडी (चम्बाली, सिरमोर जोक्सार), मध्यपहाडीबाट ( कुमाउनी गठवाली) र पूर्वी पहाडीबाट नेपाली भाषाको जन्म भएको हो (ढकाल, २०६८, पृ. २८४) । नेपाली भाषा देवनागरी लिपमा लेखिने हुँदा लिपिका सम्बन्धमा पनि बुझन उपयुक्त हुन्छ ।

वैदिक कालमा वेदको उत्पत्ति अगाडि नै ब्राही लिपिको स्थापनासँगै लेख्य परम्पराको थालनी भएको हो । ब्राह्मी लिपि संसारका प्राचीनतम लिपिहरूमध्ये पर्दछ । जयसवालका मत अनुसार यो लिपि इ.पू. २००० मा नै बनिसकेको थियो भन्ने कुरा रामराज पन्तले उल्लेख गरेका छन् (पन्त, २०३६, पृ. ९८) । गुप्तकालमा यसलाई गुप्त लिपि भनियो । केही समयपछि गुप्त लिपिको आकृति बदलिएर कुटिल ( वाङ्गोटिङ्गो) हुन् गएपछि वर्णलाई कुटिलाक्षर र लिपिलाई कुटिल लिपि भन्ने चलन चल्यो। यो कुटिल लिपि इशाको छैटौं शताब्दीतिर बनेको कुरा उल्लेख गरिएको छ । कुटिल लिपिबाटै इशाको नवौं शताब्दीतिर शारदा लिपि निस्केको देखिन्छ भने यो भन्दा अगाडि आठौं शताब्दीतिर यिनै लिपिका वर्णसँग मिल्दाजुल्दा वर्णहरू भएका लिपि दक्षिण भारतको देवनागरबाट नागरी लिपको सुरुवात् भएको देखिन्छ । यसको नाम नागर थर भएका ब्राह्मणले प्रयोग गरेको लिप भएकाले नागर लिपि, तान्त्रिक

मन्त्र (देवनागर) चिन्हबाट विकसित भएकाले देवनागरी र ज्यादै प्राचीन कालमा मानिसहरूले प्रतिभाका सट्टामा अनेक आकारका चिन्हहरू लेखेर पुजा गर्ने सन्दर्भमा तिनै देव चिन्हहरू बिस्तारै बिस्तारै उच्चारण ध्वनि सूचक लिपि चिन्हहरू बनेकाले यसलाई देवनागरी लिपि भनिएको भन्ने विभिन्न विद्वान्हरूका मत रहेका छन् (पन्त, २०३६, पृ. ९९) । जे होस् यही देवनागरी लिपि (अ, आ, इ, उ, क, छ, ग) बाटै आधुनिक देवनागरी लिपिको विकास भएको हो । देवनागरी लिपिको प्रयोगबाट अहिले नेपाली, नेवारी, बंगाली, आसामी, हिन्दी, मराठी, उडिया, कैपी, महाजनी, राजस्थानी, गुजराती लिपि वा भाषाको विकास भएको हो ।

देवनागरी लिपिमा लेखिदै आएको पूर्वी पहाडी नेपाली भाषा कुन प्राकृतको कुन अपभ्रंशबाट विकसित भयो अर्थात् कसरी उत्पत्ति भयो भन्ने सम्बन्धमा विदेशी एवम् स्वदेशी विद्वान्हरूका भिन्दाभिन्दै मान्यताहरू रहेका छन् । नेपाली भाषाको उत्पत्तिका सम्बन्धमा होर्नल, ग्रियर्सन, सुनिती कुमार चटर्जी, प्रमोध कुमार पण्डित, पारसमणि प्रधान, बाबुराम आचार्य, सूर्य विक्रम ज्ञवाली, बालकृष्ण पोखरेल आदि विद्वान्हरूका आफ्नै किसिमका तर्कहरू रहेका छन् ।

होर्नलेका अनुसार इरानतिरबाट आर्यहरूको हुल दुई पटक भारत आयो र बेग्ला बेग्लै समयमा आएका आर्यहरूका बिचमा तनाव बढ्न गई पछिबाट आएकाले अघि आएकालाई विभिन्न दिशातिर भगाए पछि स्थापित भएर बसेका आर्यहरू पूर्व, पश्चिम र उत्तर दिशातिर फैलिंदै जाँदा पूर्वी गौडीबाट बिहारी, बगाली, आसामी, उडिया, पश्चिमी गौडीबाट राजस्थानी, गुजराती, सिन्धी, पञ्जाबी र उत्तरी गौडीबाट कुमाउनी, गडवाली, नेपाली भाषाको जन्म भएको बताएका छन् भने ग्रियर्सनले भारतमा आएर बसोबास गरेका मध्यवर्ती उपशाखा र भित्री उपशाखा गरी तिन भेदमा विभक्त गर्दै भित्री उपशाखाका केन्द्रीयबाट पञ्जावी, गुजारती र पहाडी भेदबाट नेपाली, कुमाउनी, गढवाली जन्मेका हुन् भन्ने तर्क दिएका छन् ।

भारतीय भाषाशास्त्री सुनितीकुमारले आधुनिक आर्यभाषालाई दिशाका आधामा वर्गीकरण गर्दै दाक्षिणात्य, प्राच्य, मध्यदेशीय, प्रतीच्य र उदीच्य गरी पाँच भेदमा राखेर उदीच्य खसबाट गढवाली, कुमाउनी र नेपाली भाषा जन्मेका हुन् भनी बताएका छन् । भने अर्का भाषाशास्त्री प्रमोद कुमार पण्डितले आधुनिक आर्यभाषाको ध्वनि तत्त्वको तुलनात्मक अध्ययनका आधारमा आधुनिक आर्यभाषा प्राकभारतेलीबाट विकसित भएको बताएका छन् । उनले प्राक्भारतेलीका प्राक्दक्षिण पश्चिमी र प्राक्केन्द्रीय भेदमध्ये पहिलो शाखा प्राक्दक्षिण पश्चिमीका पहाडी पञ्जाबी, सिन्धी, लहन्दा मध्ये पहाडी भाषाबाट गढवाली, कुमाउनी र नेपाली भाषा जन्मेको कुरा उल्लेख गरेका छन् (गौतम, २०४९, पृ. ३६-३७) ।

विदेशी विद्वान्हरूले उल्लेख गरेका मत र भाषिक वर्गीकरणको अवस्थालाई नियाल्दा नेपाली भाषाको जन्म प्राकृत एवम् अपभ्रंश खसबाट विकसित भएका पश्चिमी पहाडीका चम्बाली, सिरमोर जोक्सार, मध्य पहाडीका कुमाउनी गडवाली आदि भाषा सरह नै पूर्वी पहाडी वर्गको भाषाका रूपमा नेपाली भाषा विकसित भएको देखिन्छ ।

नेपाली भाषाको उत्पत्ति र विकासका सन्दर्भमा नेपाली भाषी विद्वान्हरूले पनि आ-आफ्ना विचारहरू प्रस्तुत गरेका छन् । पारसमणि प्रधानले 'नेपाली भाषाको उत्पत्ति र विकास' भन्ने पुस्तकमा लखेका छन्: मध्य एसियाको कसगर पर्वतको सेरोफेरो प्राचीन खस जातिको वासस्थान खस प्रदेश थियो । यिनै खस गिरी पर्वतमा बस्ने प्राचीन खसहरू उत्तर पश्चिममा भारतको कश्मिरमा आइ बसे । केही खसहरू गढवाल, कुमाउ हुँदै पश्चिम नेपालभित्र पसे । पश्चिम नेपालका चौबिसे राज्यहरूमा पनि खसहरू जतातते रहन थाले । गोरखा राज्यको स्थापना हुँदा पनि खसकै प्रधानता भयो र यो बोली सरल, सुसम्पन्न र विस्तार भएकाले नेपाल राज्यको एकीकरणपछि पनि यही राजभाषा (राष्ट्र भाषा) भयो । यसरी नेपाली भाषाको उत्पत्ति, त्यही खस कुराबाट भएको हो । कर्णाली प्रदेश नै खसहरूको मुख्य स्थान भएकाले खसान भनिन्थ्यो । तसर्थ आर्यभाषाको अपभ्रंश हुँदा खस अपभ्रंश जन्म्यो र यही खस अपभ्रंशबाटै नेपाली भाषाको उत्पत्ति भयो (प्रधान, इ. १९६१ , पृ. २४) ।

इतिहास शिरोमणि बाबुराम आचार्यले खस कुरा वा पर्वतीय बोली कश्मिरतिरबाट आएका आर्यबाट चलेको उल्लेख गर्दै नेपाली भाषाको उद्गम खस कुराबाट नै भएको मानेका छन् भने सूर्य विक्रम ज्ञवालीले राजस्थान र कन्नौजबाट नेपाल पसेकाहरूले चलाएको भाषा भएको बताएका छन् । ज्ञवालीले नेपाली भाषाको उत्पत्ति भारतीय हिन्दी, मराठी, बङ्गाली आदि झैं संस्कृतबाट भएको मानेका छन् । उनले सभ्य मानिसहरूले संस्कृत बोल्ने र साधारण मानिसले प्राकृत बोल्ने तथ्य भएको उल्लेख गरेका छन् । प्राकृत भाषा पनि प्रान्तहरूको भेदले बेग्ला बेग्लै बोलिँदा महाराष्ट्री, मागधी, शौरसेनी र पैशाची यी चार भेद जन्मे । यिनै भाषाको प्राकृत रूपहरू फेरिदै जाँदा अपभ्रंश भाषाहरू बनेका हुन् । तिनै अपभ्रंश भाषाहरूबाट विकसित हुँदै अरू भाषाहरू झैं नेपाली भाषाको पनि उत्पत्ति भएको कुरा ज्ञवालीले बताएका छन् (ज्ञवाली, ई. १९७२ , पृ. ३९) । यसै गरी गोपालनिधि तिवारीले नेपाली भाषाको बनोट पुस्तकमा टुकराज पन्नराज मिश्रले कर्णाली खण्डको प्राचीन भाषा नै आधुनिक नेपाली भाषाको मूल हो र कर्णाली अञ्चलमा पर्ने प्रसिद्ध ऐतिहासिक स्थल सिञ्जाको भाषा सिञ्जली नै नेपाली भाषाको मूल भएको भनी बताएका कुरा विज्ञान विलासले नेपाली भाषाको उत्पत्ति नेपालमै भएको तथ्य प्रकट गरेका कुरा एवम् उनले हिन्दू धर्मको भाषा नेपाली भाषा पनि भएकाले यो नेपाली भाषा राजदूतहरू भारतबाट नेपालमा पस्नुभन्दा पहिलेदेखि नै नेपालमा बोलिरहिएको थियो भनी प्रस्तुत गरेका तर्कलाई अगाडि सारेका छन् (तिवारी, २०३०, पृ. ५-६) ।

माथि उल्लेख गरिएका विचारहरूबाट नेपाली भाषाको प्राचीन पुर्ख्यौली वैदिककालीन संस्कृत भाषा नै देखिन्छ। नेपाली भाषामा वैदिक संस्कृत भाषाबाट सोझै आएका शब्दहरू पनि पाइन्छन् जस्तैः चन्द्रमा, पुरुषा, वर्षा (वरेखा, वरखा) आदि । यी शब्दहरू लौकिक संस्कृत प्राकृत अपभ्रंश आदि पिढी हुँदै आएका होइनन् । सोझै वेदबाट आएका हुन् (पन्त, २०३६, पृ. ५६) । समयको गतिसँगै कालान्तरमा स्थान, परिवर्तनसँगसँगै भाषामा पनि परिवर्तन आउदै जाँदा वैदिक संस्कृतबाट नै लौकिक संस्कृत हुँदै धेरै किसिमका प्राकृत भाषाहरूको उत्पत्ति भएको हो। प्राकृतबाट अपभ्रंश हुँदै नेपाली भाषाको उत्पत्ति भएको कुरालाई तलका उदाहरणले पनि पुष्टि गर्दछन् –

| संस्कृत | प्राकृत् शब्द | अपभ्रंश शब्द | नेपाली शब्द |
|---|---|---|---|
| आमलक | आमलअ | आवँलत्र | अमला |
| पक्षी | पक्खी | पच्छी | पंछी |
| पाद | पाऊ | पाअ | पाउ |
| त्वया | तूअं | तुहं | तँ (तैले, तिमीले) |
| मया | मई | मइ | म (मैले) |

(पन्त, २०३६, पृ. ५८)

वास्तवमा आर्यभाषावाट प्राकृत र प्राकृतबाट कालान्तरमा बदलिँदै अपभ्रंश भाषाहरू बनेको कुरालाई सबैले स्वीकार गरेका छन् । अपभ्रंश भाषहरूबाट भारत वर्षमा बोलिने धेरै भाषहरू भैं नै नेपाली भाषाको उत्पत्ति पनि अपभ्रंश खसबाट नै भएको हुनाले नेपाली भाषाको मुख्य स्रोत भाउ भाषा चाहिँ संस्कृत भाषा नै हो। संस्कृतका तत्सम शब्दहरू संस्कृतबाट विकृत भई बनेका प्राकृत शब्दहरू, तथा अपभ्रंशका शब्दहरू भएको खस कुरा नै स्थानीय तुरानीयन शाखाका (गुरुङ, मगर, चेपाङ, मुर्मी, कुसुण्डा, नेवारी, किराँती, लिम्बू, लाप्चा आदि) शब्दहरूसँग संमिश्रित भई नेपाली भाषा निर्मित भएको हो ।

## निष्कर्ष

मानिसका अनुभव र अनुभूति सम्प्रेषणका निम्ति प्रयोग गरिने प्रभावकारी माध्यम भाषा नै हो । भाषा बिनाको समाजको कल्पना समेत गर्न सकिँदैन । तसर्थ सम्बन्धित भाषिक समुदायको सामुहिक समभ्रुदारी स्वीकार र अवधारणासँग यादृच्छिक सम्बन्ध हुन्छ । तिनै भाषिक समुदायले विचार विनिमयका निम्ति स्वतन्त्र रूपमा चयन गरेका वाक्प्रतीकहरूको व्यवस्था नै भाषा हो । संसार भरि बोलिने भाषाको वंशगत वर्गीकरणलाई हेर्दा सबै भाषा एउटै पविारका हाँगा विगाका रूपमा विकसित भएका देखिन्छन् । उत्पत्ति, विकास, सम्बन्ध र इतिहास जस्ता आधारहरूबाट भाषाको पारिवारिक वर्गीकरण गरी हेर्दा संस्कृत, ल्याटिन, ग्रिक जस्ता प्रसिद्ध र प्राचीन भाषाहरूलाई एउटै मूलबाट विकसित भाषा मानिन्छ । विभिन्न भाषा परिवारमध्ये सबैभन्दा विस्तार भएको भारोपेली भाषा परिवारको उद्गम स्थल युरोप र एसियाको भू-भाग हो र यसको जन्म इ.पू. २४०० देखि इ.पू. २९०० बिच भएको हो । भारोपेली भाषाको एउटा शाखा आर्य/आर्यइरानेलीबाट इरानी, दरद र भारतीय आर्यभाषा जन्मेका हुन् । इ.पू. १५०० तिर भारतीय क्षेत्रमा आएका आर्यहरूले बोल्ने संस्कृत, पालि प्राकृत र अपभ्रंश भाषालाई प्राचीन आर्यभाषा, मध्ययुगीन आर्यभाषा र आधुनिक आर्यभाषा गरी वर्गीकरण गरिएको छ । मध्युगीन आर्यभाषाका पहिलो चरण, दोस्रो चरण र तेस्रो चरणमध्ये दोस्रो. चरणमा प्राकृत भाषाबाट शौरसेनी पैशाची, महाराष्ट्री अर्धमागदी, मागधी र खस भाषाको जन्म भएको हो ।

विन्ध्याचल र हिमालयको बिच आर्यावर्तमा बस्ने आर्यहरूले प्राकृत खस भाषा बोल्ने गरेको देखिन्छ । आर्यभाषा अन्तर्गतको यही प्राकृत खस भाषाबाट नेपाली भाषाको उत्पत्ति भएको पाइन्छ । प्राकृत खस र अपभ्रंश खस भाषाको सम्मिश्रणबाट बनेको नेपाली भाषा प्राचीन आर्यभाषा (वैदिक र लौकिक संस्कृत भाषा) बाट दहरिएको भाषा हो। खस जातिको उल्लेख वेदपछिका महाभारत पुराण आदि कैयन ग्रन्थहरूमा भएकाले खस कुरा अत्यन्त पुरानो देखिन्छ । गढवाल काश्मीरदेखि आसामसम्म खस जाति

फैलिएकाले खस कुरा मूल भएको नेपाली भाषाको जरो ज्यादै प्राचीन देखिन्छ । तसर्थ नेपाली भाषाले संस्कृत, प्राचीन प्राकृत, अपभ्रंश र उप अपभ्रंश आदि भाषाहरूका पिढी पार गर्दै आधुनिक रूप प्राप्त गरेको एवं मौलिक पहिचान बनाउन प्रयासरत भाषाका रूपमा स्थापित भाषा हो ।

## सन्दर्भ सामग्री सूची

गौतम, देवीप्रसाद (२०४९), *नेपाली भाषा परिचय,* साझा प्रकाशन ।

गौतम, देवीप्रसाद र चौलागाई प्रेमप्रसाद (२०६७) *भाषाविज्ञान,* पाठ्यसामग्री पसल ।

ज्ञवाली, सूर्यविक्रम (सन् १९७२), *नेपाली भाषा विकासको सङ्क्षिप्त इतिहास,* नेपाली साहित्य सम्मेलन।

ढकाल, शान्तिप्रसाद (२०६८), *सामान्य भाषा विज्ञान,* शुभकामना प्रकाशन ।

तिमिल्सिना, यमनाथ (इ.२०२४), “कास्की जिल्लामा प्रयुक्त मातृभाषाहरूको विश्लेषण”, *पृथ्वीवाङ्मय,* भोलुम १४, नेपाली शिक्षा विभाग, पृथ्वीनारायण क्याम्पस ।

तिवारी, गोपालनिधि (२०३०), *नेपाली भाषाको बनोट,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

तिवारी, भोलानाथ (सन् १९८८), भाषा विज्ञान, किताब महल, १५ थार्नहिल रोड ।

पन्त, रामराज (२०३६), *नेपाली भाषा विज्ञान,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पराजुली, कृष्णप्रसाद (२०४४), *भाषाको माया,* रत्न पुस्तक भण्डार ।

पोखरेल, बालकृष्ण (२०३२), *नेपाली भाषा र साहित्य,* रत्न पुस्तक भण्डार ।

पोखरेल, बालकृष्ण (२०४७), *नेपाली भाषाको उत्पत्ति,* भारद्वाज प्रकाशन ।

प्रधान, पारसमणि (सन् १९६१), *नेपाली भाषाको उत्पत्ति र विकास,* श्री एम प्रधान एन्ड सन्स ।

बन्धु, चुडामणि (२०४३), *भाषा विज्ञान,* साझा प्रकाशन ।